आज मिति २०८२ साल श्रवाण २० गते दिनको १०:०० बजे सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८२/०८३ को पहिलो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनवीर वुढा | प्रशासकीय अधिकृत | |
| २ | टंक बहादुर पुन | बरिष्ट लेखा सहायक | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गण बहादुर थापा | सहयोगी | |

मणिराम वुढाथोकी
अध्यक्ष

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

## पहिलो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. वार्षिक समिक्षा सम्बन्धमा ।
२. आयोजनाहरुको म्याद थप सम्बन्धमा ।
३. चालु आ.व.को योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
४. विद्यालय भवन निर्माण छनौट सम्बन्धमा ।
५. स्थानीय दररेट सम्बन्धमा ।
६. ढुङ्गागिट्टी वालुवा सम्बन्धमा ।
७. करार कर्मचारी म्याद थप सम्बन्धमा ।
८. जनता प्रा.वि. चिन्नेको जग्गा प्राप्ती सम्बन्धमा ।
९. घरजग्गा अभिलेखिकरण सम्बन्धमा ।
१०. विविध छलफल सम्बन्धमा ।

## २०८२ श्रावण २० गते बसेको पहिलो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | वार्षिक समिक्षा सम्बन्धमा । | अघिल्लो आ.व. भएको भौतिक तथा वित्तिय प्रगतिको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्लो आर्थिक वर्षमा भएका भौतिक तथा वित्तिय प्रगतिको समिक्षा गरियो । साथै मिति २०८२/०४/२२ र २३ गते विषयगत शाखा र वडागत रुपमा भए गरेका क्रियाकलापहरुको आ.व. २०८१/०८२ को वार्षिक प्रगति समिक्षा गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | आयोजनाको म्याद थप सम्बन्धमा । | गाउँपालिकाद्वारा वहुवर्षिय ठेक्का मार्फत सञ्चालन भैरहेका आयोजनाहरुको म्याद थप गर्न आवश्यक रहेको । | गाउँपालिकाद्वारा ठेक्का आह्वान भई समय भित्र सम्पन्न नभएका आयोजनाहरुको हकमा नियमानुसार म्याद थप गरी निर्माण प्रकृया सम्पन्न गर्न कार्यालय निर्देशन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | चालु आ.व.को योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा । | चालु आ.व.को वार्षिक योजना तथा कार्यक्रम तत्काल सञ्चालन गर्न आवश्यक रहेको । | चालु आ.व.को स्वीकृत योजना तथा कार्यक्रम तत्काल सञ्चालनका लागि देहाय बमोजिमको कार्य गर्ने ।<br>देहाय<br>क) उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरु छनौट गरी असोज मसान्तसम्म उपभोक्ता समिति गठन तथा अभिमूखिकरण गरिसक्ने ।<br>ख) कार्तीक मसान्तसम्म संझौता गरी कार्यादेश दिनुपर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

भक्तिराम बुढाथोकी

| | | | | |
|---|---|---|---|---|
| ४ | विद्यालय भवन निर्माण छनौट सम्बन्धमा । | नेपाल सरकार-शसर्त अनुदान पुँजिगत तर्फ विनियोजित निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक पूर्वाधार निर्माणका लागि विद्यालय छनौट गर्न आवश्यक रहेको । | नेपाल सरकार-शसर्त अनुदान पुँजिगत तर्फ निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान खर्च शिर्षकमा विनियोजित रु. १,२१,००,०००।- (अक्षरुपी एक करोड एक्काइस लाख रुपैया मात्र)बाट विद्यालय भवन निर्माणका लागि आगामी कार्यपालिका बैठकबाट छनौट गरी निर्माण कार्य अगाडि बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | स्थानीय दररेट सम्बन्धमा । | चालु आ.व.को लागि सञ्चालन हुने सार्वजनिक निर्माण, मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दररेट कायम गर्न आवश्यक रहेको । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३. अनुसार गाउँपालिकाबाट आफ्नो क्षेत्रभित्र सञ्चालन हुने सार्वजनिक निर्माण, मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दररेट कायम गर्नु पर्ने भएकोमा जिल्ला दररेट निर्धारण समिति, रोल्पाबाट आ.व. २०८२/०८३ का लागि कायम गरेको दररेटलाई स्वीकृत गरी लागु गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | ढुङ्गागिट्टी वालुवा सम्बन्धमा । | नदिजन्य पदार्थको उत्खनन् तथा विक्रि वितरण गर्न आवश्यक रहेको । | नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरणका लागि प्राविधिक मूल्याङ्कनद्धारा परिमाणको एकिन भए बमोजिम नियमानुसार वोलपत्र आहान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | करार कर्मचारी म्याद थप सम्बन्धमा । | करार कर्मचारीहरुको म्याद थप गर्न आवश्यक रहेको । | आ.व. २०८१।०८२ का लागि सेवा करार संझौता भई कामकाज गरेका सबै सेवा र समूहका कर्मचारीहरुको का.स.मू.का आधारमा सेवा करार संझौता नविकरण तथा थप गर्ने र रोजगार सहायक मुक्त बहादुर रोकालाई वित्तिय सहजकर्ताको पदमा नियुक्त गरी भाद्र १ गतेदेखि कामकाजमा लगाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

भणिराम पुनमगर्
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ८ | जनता प्रा.वि. चिन्नेको जग्गा प्राप्ती सम्बन्धमा । | श्री जनता आधारभूत विद्यालय सुनिलस्मृति गाउँपालिका वडा नं. ८ अरेश रोल्पाको निःशूल्क प्राप्त भएको जग्गा रजिष्ट्रेशन पासका लागि जिल्ला मालपोत कार्यालय रोल्पालाई लेखि पठाउन आवश्यक रहेको । | श्री जनता आधारभूत विद्यालय सुनिलस्मृति गाउँपालिका वडा नं. ८ अरेश रोल्पाको मिति २०८२/०४/२० गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय सहित मिति २०८२/०३/२२ गतेको निःशूल्क जग्गा उपलब्धको लागि सार्वजनिक सूचनाका लागि अनुरोध भई आएको र यस गाउँपालिकाको मिति २०८२/०३/२२ गतेको निःशूल्क जग्गा प्राप्ति सम्बन्धि सार्वजनिक सूचना बमोजिम सूचनाको म्याद भित्र मिति २०८२/०३/३२ गतेका दिन विद्यालयको प्रयोजनका लागि सुनिलस्मृति गाउँपालिका वडा नं. ८ निवासी तिलु मर्गनीको मात्र विद्यालयलाई निःशूल्क जग्गा दिन इच्छुक भएको भनि रितपूर्वक निवेदन प्राप्त भएको हुदाँ निज मगर्नीको नाममा दर्ता श्रेष्ता भएको साविक अरेश गा.वि.स. वडा नं. २ मा पर्ने कित्ता नं. १७२ को ३१७० वर्ग मिटर मध्ये पश्चिम विचमा पर्ने विद्यालयको जग्गा सँग जोडिएको १३० वर्ग मिटर जग्गा निःशुल्क (दान) स्वरुप विद्यालयलाई उपलब्ध गराउनु भएको हुदाँ सो जग्गा विद्यालयको नाममा निःशुल्क रजिष्ट्रेशन पासका लागि जिल्ला मालपोत कार्यलिय रोल्पालाई लेखि पठाउने । | |
| ९ | घरजग्गा अभिलेखिकरण सम्बन्धमा । | घरनक्सा अभिलेखिकरण कार्यको म्याद थप गर्न आवश्यक रहेको । | घर जग्गा अभिलेखिकरणका लागि निवेदनहरु आइरहेकाले उक्त अभिलेखिकरणलाई लागि निरन्तरता दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

नथिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १० | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) विपद व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०८२स्वीकृत सम्वन्धमा । | क) मिति २०८२ श्रावण १९ गतेका दिन कानुन मस्यौदा समितिबाट छलफल तथा निर्णय भई स्वीकृतिका लागि सिफारिस भएको विपद व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०८२ लाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ख) बालअधिकार संरक्षण, संवर्द्धन र बालमैत्री घोषणा रणनीति तथा कार्ययोजना (२०८२ देखि २०८६) स्वीकृत सम्वन्धमा । | ख) मिति २०८२/०४/११ गतेका दिन गाउँपालिकामा छलफल भई स्वीकृतका लागि सिफारिस भएको सुनिलस्मृति गाउँपालिका बालअधिकार संरक्षण, संवर्द्धन र बालमैत्री घोषणा रणनीति तथा कार्ययोजना (२०८२ देखि २०८६) लाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ग) राजश्व परामर्श समितिको वैठक स्वीकृत सम्वन्धमा । | ग) मिति २०८२ श्रावण १९ गते बसेको राजश्व परामर्श समितिको वैठकको निर्णयलाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

2082/08/20

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष